# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २४ गते २०३१ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विन्ध्यवासिनी सुधार योजनाको लागि गण्डकी अञ्चल, जिल्ला कास्की, पोखरा नगर पञ्चायत वडा नं. १ अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व चिनबहादुर वडगामी, विकुमान साल्मी, धनबहादुर, मानबहादुर, वेदमान गुभाजूहरूको घर र मोहरीय टोल भई बगरतर्फ जाने पक्की सडक, पश्चिम राजेश राईस मिल मनिको चौतरा मनिको बाटो र कास्की सराङकोटबाट पोखरा आउने बाटोको दोबाटो साँध, उत्तर मिरूवाको बीच भएर रूद्रनाथ शर्मा र कुलदीप समेतको घर हुँदै पक्की सडकमा जाने गल्ली बाटो, दक्षिण भैरवदास श्रेष्ठको घर र निजको पाखो बारी जग्गाभित्र समेत सराङकोटतर्फ जाने बाटो यति चार किल्लाभित्रको कि.नं. ४ बाट ०–१–१–०, कि.नं. ५ बाट २–१०–०–१, कि.नं. १२ बाट ०–०–२–२, कि.नं. १३ बाट ०–०–२–२, कि.नं. १४ बाट ०–१–३–२, कि.नं. १५ बाट ०–३–२–२, कि.नं. १६ बाट ०–०–३–३, कि.नं. १७ बाट ०–३–०–२, कि.नं. १८ बाट ०–२–०–३, कि.नं. १९ बाट ०–३–१–१ समेतको जम्मा जग्गा रोपनी ३–११–२–२ (तीन रोपनी एघार आना दुई पैसा दुई दाम) को जम्मा मालपोत रू. ।६५ (पैसट्ठी पैसा) लागेको कित्ता – – – – – – –

आज्ञाले–

सहायक रथी खड्गबहादुर सिंह

श्री ५ को सरकारको का.मु. सचिव

296



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।